जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/१०/११ गते आईतवारबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिति:**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

नगर प्रमुख, श्री देवनाथ साह, गोलबजार नगरपालिका, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक

३. प्रहरी नायव उपरिक्षक, श्री शालीग्राम शर्मा पौडेल, जिल्ला प्रहरी कार्यालय, सिरहा

४. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा

५. उप. अनु.निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

६. समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा

७. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल सिरहा

८. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

९. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

१०. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा

११. केन्द्रीय सदस्य, देव कुमार यादव, नेपाल पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम् निर्णय**

१. हाल सम्म जिल्लामा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण सम्वन्धी अवस्था देहाय अनुरुप रहेको व्यहोरा बैठकमा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको | स्वाब संकलन गरिएका | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ८६७९ | ११५ | ४ | १ | ५ | १६१७ | १२३६१ | १२३६१ | १६४७ | ५ | १६१७ | २५ | ३४०० |

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराधा नियन्त्रण शाखा) को च.नं. २०४६ मिति २०७७/०९/१९ को पत्रानुसार बेलायतमा देखिएको नयाँ प्रजातिको कोभिड-१९ भाइरस  फ्रान्समा समेत देखिएको र संयुक्त अधिराज्य पोर्चुगलमा दोहोरो बसोबास गर्ने नेपालीहरुमा पनि संक्रमण फैलिएको हुन सक्ने अनुमान गरी सोही अनुरुपको सावधानी अपनाउने वारेको व्यहोरा बैठकमा अवगत भई तत् सम्वन्धमा उच्च सतर्कता अपनाई सचेत रहने।

३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. २३२ मिति २०७७/०९/१९ को पत्रानुसार तराईमा चिसोबाट जनजीवन प्रभावित हुन सक्ने भएकाले स्थानीय तह, गैर सरकारी क्षेत्र, मानवीय सहायतामा संलग्न संघ संस्था, निजी क्षेत्रसँग समेत समन्वय गरी देहाय बमोजि गर्ने गराउने वारेको व्यवहोरा बैठकमा अवगत भैई सोही बमोजिम गर्ने गराउने।

   क) अति विपन्न र विपन्न परिवार पहिचान गरी न्यानो कपडाको प्रवन्ध गर्ने।
   ख) न्यानोबाट जोगिन अपनाउनु पर्ने सावधानी वारे स्थानीय रेडियो, टि.भी., एफ.एम. मार्फत जनचेतनामूलक सन्देश प्रवाह गर्ने।
   ग) समयमै पूर्वतयारीका कारणले गत वर्ष चिसो र शीतलहरका कारण १ जनाको पनि मृत्यू नभएको हुँदा यसवर्ष पनि सो कुरालाई ध्यानमा राख्दै स्थानीय तहसँग समन्वय गरी आवश्यक प्रवन्ध मिलाउने र मिलाउन लगाउने।
   घ) दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी गर्भवती महिला, जेष्ठ नागरिक लगायत बढी जोखिमपूर्ण बर्गलाई विशेष ध्यान दिने।
   ङ) चिसोबाट विरामी भएकाहरुलाई उचित उपचारको प्रवन्ध गर्ने।

४. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. २१४७ मिति २०७७/०९/ को पत्रानुसार संयुक्त अधिराज्यबाट यात्रा आरम्भ हुने वा संयुक्त अधिराज्य ट्रान्जिट भै नेपाल आउने यात्रीलाई कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समतिको मिति २०७७/०९/०७ को निर्णय बमोजिम आवागमनमा रोकलागईएकोमा एकाघरका आफन्तको मृत्यू भई वा गम्भीर उपचारको लागि नेपाल आउनै पर्ने अवस्थाका नेपाली नागरिक, गैरअवासीय नेपाली तथा निजका सन्तानहरुलाई सम्वन्धित कूटनीतिक नियोगको सिफारिसमा नेपाल आउन अनुमति दिने  वारेको व्यहोरा बैठकमा अवगत भयो।

५. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. २२६३ मिति २०७७/१०/०९ को पत्रानुसार कोभिड-१९ खोप कार्यक्रमलाई व्यवस्थित गर्न संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा समन्वय तथा अनुगमन समिति गठन गर्ने निर्णय भए अनुसार  स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/१०/०६ मा वसेको संघिय समन्वय तथा अनुगमन समितिको बैठकले कोभिड-१९ खोप कार्यक्रमलाई व्यवस्थित गर्न सम्वन्धमा भएको निर्णयको व्यहोरा बैठकमा अवगत भयो। साथै देहायको बुँदाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

   १) कोभिड-१९ खोप प्राप्त भएपछि खोपको भण्डारण, ढुवानी र शेशन सम्म आवश्यक सुरक्षा प्रवन्ध मिलाउन।

प्रदीपराज कण्डेल
प्रमुख जिल्ला अधिकारी

२) कोभिड-१९ खोप शुरुवात गर्नु अघि सेवाग्राही तथा आम नागरिकहरुलाई खोपवारे आवश्यक जानकारी दिने (जस्तै : खोप पाउने समुह, उमेर , खोपको मात्रा पटक) खोपको सामान्य असर र जटिल असर (AEFI) वारे र सोको आवश्यक व्यवस्थापनवारे विभिन्न संचार माध्यबाट सम्प्रेशन गर्ने।

३) जिल्ला समन्वय तथा अनुगमन समितिहरुको बैठक राख्न लगाई समन्वय तथा अनुगमनको कार्य गर्ने।

४) कोभिड-१९ को खोप कार्यक्रमलाई व्यवस्थित गर्न विद्युत प्राधिकरणलाई पत्राचार गर्ने।

६. २०७७ पुस २९ को राति १२:०० बजे देखि ऐ. फाल्गुन मसान्त सम्मकालागि प्रमुख जिल्ला अधिकारीबाट कोभिड-१९ सम्वद्ध जारी आदेशको पालना सरोकारवालाहरुबाट सहयोग पु-याउने।

७. गोलबजार न.पा.बाट हालै निर्मित कोभिड अस्पतालमा देहायका संरचना निर्माण गरी अस्पताल संचालनमा ल्याउन रु. १,५०,००,०००/- (एक करोड पचास लाख) निकासा हुन प्रदेश नं. २, प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ;

क) इमरजेन्सी कक्ष,

ख) पानी टयाङ्की तथा विस्तार,

ग) पर्खाल,

घ) एम्वुलेन्स,

ङ) पाले घर।

प्रदीपराज कंणेल
प्रमुख जिल्ला अधिकारी